# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ९  संख्या : ३  मिति : १३ असार, २०८२ साल

## भाग- २

## गौरीगञ्ज गाउँपालिकाको सूचना

गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको कार्यविधि नं. ३

# गौरीगञ्ज गाउँपालिका
# निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०२/३०)

## प्रस्तावना

निम्न आय भएका ग्रामीण भेगमा रहेका तथा शैक्षिक क्षेत्रमा समेत पछाडि रहेका दलित, पिछडावर्ग, आदिवासी, जनजाति, मुस्लिम तथा मधेशी समुदायको बाहुल्यता रहेको यस गौरीगञ्ज गाउँपालिकाको सामुदायिक शैक्षिक संस्थामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीको विद्यालयमा लाग्ने सम्पूर्ण शुल्क गाउँपालिकाले व्यहोर्ने गरी व्यवस्था गर्न वान्छनीय भएकोले,

गौरीगञ्ज गाउँपालिका स्थानीय शिक्षा ऐन, २०७५ को दफा ५१ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम "निशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

१.२ यो कार्यविधि गौरीगञ्ज कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

१.३ यो कार्यविधि गौरीगञ्ज गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालय र क्याम्पसमा अध्ययन गर्ने कक्षा ११ र १२ का विद्यार्थीको साधारण तथा प्राविधिकधारको हकमा मात्र लागू हुनेछ ।

## परिच्छेद- २

## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "गाउँपालिका " भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

२.२ "शिक्षा समिति" भन्नाले गौरीगञ्ज गाउँपालिका गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

२.३ "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट सामुदायिक विद्यालयको रूपमा अनुमति प्राप्त गरी सञ्चालित विद्यालयलाई जनाउँछ।

२.४ "छात्रावृत्ति" भन्नाले तोकिएको आधारअनुसार छनौट भएका विद्यार्थीलाई कक्षा ११ र १२ मा अध्ययन गर्न लाग्ने सम्पूर्ण खर्च (शुल्क) लाई जनाउँछ ।

## परिच्छेद- ३

## कार्यविधिको उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ :

३.१ विद्यालयलाई स्थानीय तहको लोककल्याणकारी भूमिकामा सहभागी गराउनु ।

३.२ दलित, पिछडिएका वर्ग, मुस्लिम, आदिवासी जनजाति तथा मधेशी वर्गको बाहुल्यता रहेको शैक्षिक क्षेत्रमा पिछडिएका तथा न्यून आय भएका अभिभावकका छोराछोरीलाई माध्यमिक तह कक्षा १२ सम्म निःशुल्क अध्ययन गर्न पाउने अधिकार सुनिश्चित गर्नु ।

३.३ छात्रवृत्ति उपलब्ध गराउने कार्यमा संलग्न निकायको कार्यलाई सहजीकरण गर्नु ।

३.४ छात्रवृत्ति वितरण तथा निकासा प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

## परिच्छेद- ४

## छात्रवृत्तिका लागि आवश्यक योग्यता तथा शर्तहरु

यो कार्यविधिअनुसार छात्रवृत्ति प्राप्त गर्न निम्न बमोजिमका योग्यता तथा शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

४.१ उक्त शैक्षिक सत्रमा नियमित रूपले कक्षा ११ वा कक्षा १२ मा सामुदायिक विद्यालय र क्याम्पसमा अध्ययनरत हुनुपर्ने छ ।

४.२ कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीले राष्ट्रिय परीक्षा बोर्डको कक्षा ११ को रजिस्ट्रेशन फारम भरेको हुनुपर्ने छ।

## परिच्छेद- ५

## छात्रवृत्ति माग गर्ने प्रक्रिया

छात्रवृत्ति रकम माग र निकासा गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ:

५.१ छात्रवृत्तिको रकम माग गर्न विद्यालयले कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीको नामावलीसहितको विवरण तयार गरी वि.व्य.स. बैठकबाट निर्णय गराई शिक्षा शाखामा पेश गर्नुपर्ने छ।

५.२ कक्षा ११ मा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्तिवापतको रकम प्रतिविद्यार्थी वार्षिक आठ हजार रुपैयाँ र कक्षा १२ मा अध्ययनरत विद्यार्थीको लागि प्रतिविद्यार्थी वार्षिक सात हजार रुपैयाँ हुनेछ ।

५.३ गाउँपालिकाको शिक्षा शाखामा छात्रवृत्तिको लागि योग्यता पुगेका विद्यार्थीको विवरण प्राप्त भएपछि शिक्षा समितिको बैठकमा प्रस्तुत गर्नुपर्ने छ ।

५.४ शिक्षा समितिले छात्रवृत्तिका लागि प्राप्त विद्यार्थीको विवरण स्वीकृत गरेपछि सम्बन्धित विद्यार्थीको छात्रवृत्ति गाउँपालिकाले सम्बन्धित विद्यालयको खातामा एकमुष्ट वा दुई किस्तामा रकम निकासा गर्ने छ ।

५.५ रकम प्राप्त भएपछि विद्यालयले सम्बन्धित विद्यार्थीलाई छात्रवृत्तिवापतको रकम वितरण गरी सोको भरपाइ र वितरण हुन बाँकी रकमसमेत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

माथि जुनसुकै कुरा उल्लेख भएता पनि गौरीगञ्ज बहुमुखी क्याम्पसलाई कक्षा- ११ र १२ मा अध्ययनरत बिद्यार्थीका लागि बिद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीसरह अनुदान रकम उपलव्ध गराउन बाधा पर्ने छैन ।

## परिच्छेद- ६
## विविधः

६.१ विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे-नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नसक्ने छ ।

६.२ यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यक संशोधन गर्नसक्ने छ।

६.३ यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

७. **बचाउः** यसअघि छात्रवृत्ति वितरणको लागि निकासा भएको रकम यसै कार्यविधिबमोजिम भए-गरेको मानिने छ ।

**आज्ञाले,**

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत